# गण्डकी प्रदेश सभा

## आठौं अधिवेशन

### बैठक संख्या -८

### सूचनापत्र - २

### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल जेठ २४ गते, शनिवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहान ११:२४ बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले **ईस्लाम धर्मावलम्बीहरुको पर्व बकर ईद (ईद-उल-अज्हा) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने ईस्लाम धर्मावलम्बीहरुका साथै सम्पूर्ण नेपाली दिदिबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धिको हार्दिक शुभकामना** व्यक्त गर्नुभयो ।

तत्पश्चात **गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको बाँकी छलफल** प्रारम्भ भयो । उक्त छलफलमा **माननीय चम्पादेवी खड्का, माननीय सीता कुमारी सुन्दास, माननीय सुशिला सिंखडा, माननीय महेश भट्टराई, माननीय लक्ष्मण बहादुर पाण्डे, माननीय रेशम बहादुर जुग्जाली, माननीय मुनिन्द्रजंग गुरुङ, माननीय राजकुमारी भुजेल, माननीय सरस्वती अर्याल तिवारी, माननीय रोशन बहादुर गाहा थापा, माननीय कल्पना तिवारी, माननीय देवका पहारी त्रिपाठी, माननीय रेखा गुरुङ, माननीय बेद बहादुर गुरुङ र माननीय श्री डिल्लीराम सुबेदी**ले भाग लिनुभयो ।

तत्पश्चात **अर्थ तथा विकास समितिका सभापति माननीय भोजराज अर्यालले समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले **आगामि बैठक २०८२ साल जेठ २५ गते विहान ११ मा बस्नेगरी १३:३४** बजे स्थगित गर्नुभयो।

......................
(हरिराज पोखरेल)
प्रदेश सभा सचिव